# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७५

## मादी गाउँपालिका

कास्की




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं. ४३१

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

श्री अध्यक्षज्यू,
मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कास्की ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक



Scanned with CamScanner

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोवार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलत: पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५।७६

मिति: २०७५।१२।१४

श्री प्रमुखज्यू,
मादी गाउँपालिका,
कास्की ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मादी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. १ करोड ७ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३८ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु. ४१ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २१ लाख ४५ हजार र पेश्की रु.६ लाख २९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५।१२।१४

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक




Scanned with CamScanner

# मादी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने गरी २०७३ मा गाउंपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउंपालिका अर्न्तगत १२ वडा रहेको ६२ सभा सदस्य, ५६३ व.की.मी. क्षेत्रफल, १८,१५३ जनसंख्या रहेको र गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानिय संचितकोष -** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानिय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७४/०७५ को सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.स. | आय तर्फ | | | क्र.स. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ९०७८५३४.३५ | १ | चालु खर्च | | २४७५४५८५७.४ |
| | क) नगद | | | २ | पुंजिगत खर्च | | १२८१३४५५२.६७ |
| | ख) वैंक | ९०७८५३४.३५ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजश्व (आन्तरीक आय) | | ३८८२९५३ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरीक राजश्व | ३८८२९५३ | | | ख) व्याज भुक्तानी | | |
| | ख) राजश्व वाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण | | ३८९५२९२६०.८ | | ऋण लगानी | | |
| | क) वित्तिय समानिकरण अनुदान | १७७३९२००० | | | शेयर लगानी | | |
| | ख) शर्सत अनुदान | २१२१३७२६०.८० | | | अन्य लगानी | | |
| | ग) समपुरक अनुदान | | | ५ | धरौटी फिर्ता | | ५६०००० |
| | घ) विशेष अनुदान | | | ६ | कोष खर्च | | |
| ४ | प्रदेश सरकार वाट प्राप्त अनुदान | | | ७ | मौज्दात | | ३१०५०५२६.८३ |
| | क) वित्तिय समानिकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) शर्सत अनुदान | | | | ख) वैंक मौज्दात | ३१०५०५२६.८३ | |
| | ग) समपुरक अनुदान | | | | | | |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | अन्तर स्थानिय तहवाट प्राप्त | | | | | | |
| ६ | वित्तिय व्यवस्था प्राप्ती | | | | | | |
| | क) ऋण प्राप्ती | | | | | | |
| | ख) साँवा प्राप्ती | | | | | | |
| | ग) व्याज प्राप्ती | | | | | | |
| | घ) अन्य प्राप्ती | | | | | | |
| ७ | विभिन्न कोष तर्फको आय | | | | | | |
| ८ | जनसहभागीता नगद | | | | | | |
| ९ | विषयगत निकाय वाट प्राप्त रकम | | | | | | |
| १० | धरौटी आय | ६४४००० | ६४४००० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | ० | |
| १२ | अन्य विविध आय | | ४१५६१८८.७५ | | | ० | |
| | जम्मा | | ४०,७२,९०,९३६/९ | | | | ४०,७२,९०,९३६/९ |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आय व्यय विवरण-** उल्लेखित आर्थिक विवरण सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:<br>क) अन्य विविध आय शिर्षकमा दाखिला गर्न बाँकी कर रु. २५,७२४- खर्च हिसाव मिलान गर्न आम्दानी देखाएकोमा उक्त रकम राजश्व दाखिला हुनुपर्दछ ।<br>ख) आय विवरणमा बैंक रु. ३,१०,५०,५२६।८३ देखिएकोमा बैंक स्टेटमेण्ट हिसावमा रु. ३,१०,४९,२२९।३७ देखिएकोले फरक परेको रु. १२९७४६ हिसाव मिलान विवरण पेश हुनुपर्दछ । | |
| २. | **आन्तरीक नियन्त्रण** - कार्यालयले आन्तरिक नियन्त्रण तथा व्यवस्थापनका लागि ऐन नियम कार्यविधि पालना र कार्यान्वयन गर्नुपर्नेमा ऐन, नियम, कार्यविधि आदिमा भएको निम्न व्यवस्था पालना गरेको देखिएन ।<br>क) **आर्थिक विवरण** - आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधिमा आर्थिक विवरण तयार गरी पेश गरेको ,<br>ख) **कार्यविवरण** - कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्ने,।<br>ग) **घरजग्गाको अभिलेख** - गाउँपालिकाको मुख्य कार्यलय रहेको जग्गा सार्वजनिक जग्गामा निर्माण भएकोले घरजग्गाको अभिलेख रहेको छैन ,<br>घ) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जांच गरेको, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएकोले कुन मितिमा तयार भई कुन मितिमा स्वीकृत भएको हो यकिन गर्ने आधार भएन,<br>(ङ) कार्यालयले उद्धेश्य प्राप्तमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको छैन,<br>च) निर्माण कार्यको कार्य सम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अत: योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गर्नु पर्दछ ,<br>छ) संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम गरेको छैन,<br>ट) बास्तविक सेवा प्रवाहवाट सेवा ग्राहीले प्राप्त गरेको सन्तुष्टि, सेवा प्रवाहको सुधार सम्वन्धी क्रियाकलाप गरेको छैन,<br>ठ) बार्षिक खरिद योजना तयार गरेको छैन , | |
| ३. | **भौतिक सम्पती संरक्षण** - स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १३, दफा ९७ मा गाउँपालिका तथा नगरपालीकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको रेखदेख, मर्मत सम्भार तथा संरक्षण गरी अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपयुक्त दफा वमोजिम साविकका स्थानिय निकाय गाउँविकास समिति अर्न्तगत रहेका सार्वजनिक सम्पतिको अभिलेख राखि संरक्षण गर्नुपर्दछ । साविक स्थानिय निकायको सवारी साधन, कम्प्युटर, फर्निचर, लगायतको सम्पती स्थानिय तहले हालको गाउँपालिकामा हस्तान्तरण गरी अभिलेख राख्नुपर्नेमा हस्तान्तरण भएको छैन भनि गतवर्षको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्ष पनि सो अवस्थामा कुनै परिर्वतन भएको छैन । साविक स्थानिय निकायको सम्पुर्ण भौतिक सम्पति गाउँपालिकाको नाउँमा अभिलेखाँकन गरी संरक्षण गर्नुपर्दछ । | |
| ४. | **अनुगमन लेखा परिक्षण** - गाउँसभाको प्रथम सभाको नीति तथा कार्यक्रममा वित्तिय अनुशासन र शुसासन तर्फ वेरुजु तथा पेश्की लाई निरुत्साहित गरी आर्थिक पारदर्शिता कायम गरिने उल्लेख छ । उल्लेखित नीति वमोजिम गाउँपालिकाले महालेखापरिक्षकको कार्यालयबाट लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भएका आर्थिक कैफियतहरुलाई दोहोरीन दिन नहुने र औलाईएका कैफियतहरुलाई फछ्र्यौट | |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गर्दै जानु पर्दछ । गाउँपालिकाले गत वर्षको म.ले.प प्रतिवेदनले औलाईएका वेरुजुहरुलाई फर्छ्यौट गरेको छैन । | |
| ५. | **वित्तिय अनुशासन र शुसासन** - गाउँपालिकाको प्रथम गाउँसभा वाट स्वीकृत वजेट तथा विकास योजनामा गाउँपालिकालाई दिर्घकालिन आर्थिक भार तथा दायित्व वृद्धि हुनेगरी तथा वार्षिक प्रशासनिक तथा चालु प्रकृतिका खर्च वढ्ने गरी कुनैपनि निर्णय तथा नीति लिईने छैन भन्ने कुरा उल्लेखछ । वित्तिय समानिकरण अनुदान र सर्शत अनुदान सम्वन्धी सिफारिस वमोजिम वित्तिय समानिकरण अनुदानवाट प्राप्त रकम विनियोजनका लागि प्रदेश र स्थानिय सरकारका प्राथमिकताका क्षेत्रहरुमा खर्च गर्ने सम्वन्धी मार्गदर्शनमा साविक संघिय सरकारवाट संचालन हुदै आएका तर हाल स्थानिय सरकाले निरन्तरता दिनुपर्ने गरी हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरु साथै समानिकरण अनुदान वापत स्थनिय तहलाई प्राप्त भएको रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एंवम संचालन खर्चको लागि विनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्दछ । गाउँपालिकाले योवर्ष वित्तिय समानिकरण अनुदान रु. १७,७३,९२०००/- प्राप्त गरेको छ । प्रथम तथा दोस्रो गाउँसभावाट वित्तिय समानिकरण अनुदानको रकम विनियोजन गर्दा पुँजिगत कार्यक्रमको लागि ८० प्रतिशत र चालु खर्च तर्फ २० प्रतिशत रकम विनियोजन गरेको छ । पुँजिगत तर्फको कार्यक्रमवाट विभिन्न योजना कार्यक्रममा विनियोजन गरी खर्च गर्नुपर्नेमा चालु तर्फका कार्यक्रमहरु सवारी साधन खरिद जस्ता कार्यक्रम लाई पुँजिगत तर्फ राखेको छ । वित्तिय समानिकरण अनुदानवाट चालु प्रकृतिको कार्यमा रु. ४,२८,८९०००/- विनियोजन गरेको छ । सवारी साधन खरिद कार्यको लागि रु ६७,००,०००/- विनियोजन गरी खर्च गरेको छ ।<br>गाउँसभाको नीति भित्र आर्थिक भार पर्ने कुनैपनि दिर्घकालिन निर्णय नलिईने प्रतिवद्धता विपरित स्थानिय पदाधिकारी, कर्मचारी, सदस्यहरुले विना कार्ययोजना र कार्यक्रम खर्चहरुको भुक्तानी भएका छन् । पदाधिकारीहरुले आफ्नो कार्यक्षेत्र भित्र स-साना कार्यक्रमको लागि समेत दैनिक भ्रमण भत्ता लिने कार्य भएको छ । पदाधिकारी तथा सदस्यहरुको मासिक परिश्रमिक लिएको अवस्थामा पुनः विषयगत वैठकहरुमा वैठक भत्ता लिने गरेको अवस्था छ । आर्थिक दायित्व वढाउने प्रकृतिका निर्णयहरु समेत गाउँसभाले गरेको कारण गाउँसभाले आफ्नै वित्तिय अनुशासनको नीति अवलम्वन गरेको देखिदैन । | |
| ६. | **वजेट तर्जुमा/योजना छनौट** - गाउँपालिकाको वजेट तथा विकास योजना कार्यक्रम वमोजिम योजना छनौटको आधार र वडा स्तरीय योजनाको प्राथामिकिरण गर्दै टोल, वस्ती स्तरवाट प्राप्त योजना तथा कार्यक्रमहरुलाई वजेट विनियोजन गरिने उल्लेख छ । गाउँ सभाले छनौट गरेका कतिपय योजना तथा कार्यक्रम वस्ती स्तरवाट छनौट भएको देखिएन, पुँजिगत तर्फका कार्यक्रमवाट रकमान्तर गरी चालु प्रकृतिका कार्यक्रमको लागि वजेट लगेको छ । विनियोजन गरेका कतिपय कार्यक्रमहरुमा कार्य हुन सकेको छैन । भौगोलिक अवस्था, जनसंख्या, यातयातको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सवै नागरीकलाई योजना छनौटमा सहभागी गराउने गरी योजना तर्जुमा गर्ने र सो वमोजिम योजनाको प्राथामिकिकरणको आधारमा वजेट विनियोजन गर्नु पर्दछ । | |
| ७. | **दोहोरो सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउेन सुविधा सम्वन्धि ऐन, २०७५ विपरित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा दिन हुँदैन । गाउँसभाको मिति २०७४।०३।२९ को प्रथम सभा र मिति २०७४।०९।२४ को दोस्रो सभा जसले वजेटमा संसोधन पनि गरेको छ । उक्त दुवै सभावाट स्थानिय पदाधिकारीहरुलाई २०७४ श्रावण देखिनै पारिश्रमिक भुक्तानी गर्ने गरी रु. ४०,००,०००।- वजेट विनियोजन गरेको अवस्थामा दोहोरो सुविधा दिनेगरी पदाधिकारी वैठक भत्ता स्वरुप रु. २६,००,०००।- विनियोजन गरेको छ । पदाधिकारीलाई पारिश्रमिक भुक्तानी भएको अवस्थामा गाउँपालिकाले रु. २४,०३,०००।- पदाधिकारीको वैठक भत्तामा खर्च गरेको दोहोरो सुविधामा खर्च भएको छ । गाउँसभाको नीति तथा कार्यक्रम तर्फ आर्थिक भार पर्ने निर्णय नगर्ने, दिर्घकालिन आर्थिक दायित्व पर्ने निर्णय नगर्ने वित्तिय अनुशासनको नीति अवलम्वन गरेको अवस्थामा | |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | स्थानिय पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक, वैठक भत्ता, वैठकमा आउँदा जाँदा प्रति वैठक रु. १०००।- यातयात खर्च जस्ता खर्चहरु दोहोरो पर्नेगरी, आर्थिक भार पर्ने गरी खर्च भएको रु. | २४,०३,०००/- |
| ८. | **सामाजिक सुरक्षा कार्यक्रम -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को नियमा १० मा स्थानिय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुचि-५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालमा राख्नुपर्ने व्यवस्था छ । वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ । योवर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु. ६,४९,६६,६००।- खर्च गरेको छ । पहिलो चौमासिकको निकासाको पेश्की फर्छ्यौट भएपश्चात दोसो निकासा दिनुपर्दछ । गाउँपालिकाले उपर्युक्त कार्यविधि वमोजिम प्रत्येक वडावाट भत्ता प्राप्त भएको अध्यावधिक बिवरण प्राप्त गरेको छैन । कार्यविधिले तोकेको व्यवस्था वमोजिम पेश्कीको रुपमा तोकिएको अविधि भित्र निकासा दिने र प्रथम निकासा पेश्की फछ्र्यौट नगरी दोस्रो निकासा दिन हुँदैन । प्रथम, दोस्रो र तेस्रो निकासाको रकम लाभग्राहीले के कति संख्यामा प्राप्त गरे सोको विवरण वैंक प्राप्त गरी भिडान गर्नुपर्नेमा वैंकवाट लेखा परिक्षणको समय सम्म वैंक स्टेटमेण्ट प्राप्त भएको छैन । | |
| ९. | **कन्टिजेन्सी -** गाउँसभाको दोस्रो वैठकवाट पुँजिगत तर्फका कार्यक्रमको ३ प्रतिशत कन्टिनजेन्सीको रुपमा कट्टा गरी खर्च गरेको छ । पुँजिगत तर्फका कार्यक्रमको लागि विनियोजन गरिएको वजेटका आधारमा आयोजना/कार्यक्रमको लागत अनुमान तयार गरी सो आधारमा सोही कार्यक्रमसंग सम्वन्धीत खर्चहरु मात्र कन्टिन्जेन्सीको रुपमा खर्च गर्न सकिने र योजनागत रुपमा कन्टेन्जेन्सीको अभिलेख राख्नुपर्दछ । गाउँपालिकाले वित्तिय समानिकरणको रकमबाट छुट्याई योजनागत रुपमा खर्च नगरी विना अभिलेख विना आधार रु ३५,५९,१७०।- छुट्याई रु. २९,९३,८१४।- खर्च गरेकोमा आधार/प्रमाण वेगर खर्च गरेको देखिन्छ । | |
| | **शिक्षा :** | |
| १०. | **काजमा रहेको अवधिको भुक्तानी -** गाउँपालिकाले योवर्ष शैक्षिक तलिम केन्द्रमा काजमा रहेको शिक्षक श्री सुभद्रा रेग्मी पौडेलको मिति २०७४ श्रावण देखी २०७५ आषढ महिनासम्म र चाँडवाड खर्च समेत रु ३,४६,२१६।- तलव भत्ता खर्च गरेको छ । नवदुर्गा आ.वि. मादी गाउँपालिका वडा नं. ४ मा दरवन्दी रहेको अवस्थामा दरवन्दी रहेको विद्यालयमा सेवा नगरी अन्यत्र काजमा रहेको आवधिको तलव भत्ता भुक्तानी गरेको रु. | ३,४६,२१६/- |
| | **स्वास्थ्य :** | |
| ११. | **जिन्सी दाखिला -** गाउँपालिकाले स्वास्थ्य क्षेत्रको वजेटवाट योवर्ष न्यानो झोला खरिद तर्फ रु. १,३३,९४४/- र औषधी खरिद तर्फ रु. २,५९,९३२।- गरी रु. ३,९३,८७६।- खर्च गरेको छ । न्यानो झोला १५१ थान खरिद गरिएकोमा आर्थिक वर्षको अन्तसम्म सवै बाँकी रहेको छ । बाँकी रहेका सवै झोलाको दाखिला लुज सिटमा राखेको छ । त्यसैगरी खरिद भएका औषधीहरुको समेत दाखिला लुज सिटमा राखेको छ । गाउँपालिकाले खरिद गरेको सवै सामानहरु भण्डार कक्ष (स्टोर) को जिन्सी खातामा दाखिला गरी स्टोरवाटनै माग फारामको आधारमा खर्च लेखी जिन्सी व्यवस्थापन खर्च प्रणाली व्यवस्थि गर्नुपर्ने देखिन्छ । | |
| १२. | **कर दाखीला गर्नुपर्ने -** गाउँपालिकाले विभिन्न करयोग्य कारोवारको भुक्तानीमा भुक्तानीकै वखत लाग्ने कर केडिट गरी तुरुन्तै सो मितिमा सम्वन्धीत राजश्व शिर्षकमा दाखिला गर्नुपर्दछ । कार्यालयले लामो समय सम्म क्रेडिट गर्दै जाने र समयमा दाखिला गरेको छैन । कन्टेन्जेन्सीतर्फ भएको खर्चवाट लाग्ने अग्रिम आयकर रु. १९,४४४।- दाखिला नगरेको राजश्व दाखिला गर्नुपर्ने रु. | १९,४४४/- |
| १३. | **लाभग्राहीको अभिलेख -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १० (१) मा स्थानिय तहले भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यलयमा राख्नुपर्ने साथै लाभग्रहीको विवरण निर्दिष्ट समयभित्र व्यवस्थापन सुचना | |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | प्रणाली (एम.आई.एस.) मा प्रविष्ट गर्नुपर्ने व्यवस्था भएपनि लगत अद्यावधिक गरेको छैन । गाउँपालिकाले यस वर्ष रु. ६ करोड ४९ लाख ६७ हजार सामाजिक सुरक्षा भत्ता खर्च लेखेकोमा देखिएका व्यहोरा निम्न छन् । | |
| १४. | **वढी निकासा खर्च -** सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको मुल अभिलेख खातामा नाम भएका लाभग्राहीहरुको नाममा मात्र भत्ता निकासा खर्च लेख्नुपर्नेमा गाउँपालिकाले वडा नं. ४ का तपशिल बमोजिम मृत्यु भएका लाभग्राहीको नाममा समेत दोस्रो र तेस्रो किस्ता रु. ३०,०००।- निकासा खर्च लेखेकोले असुल गरी दाखिला गर्नुपर्ने रु.<br>लाभग्राहीको नाम — मृत्यु भएको मिति — निकासा खर्च लेखेको रकम<br>१. लेकनाथ सापकोटा — २०७४।१०।४ — १००००।-<br>२. लोकनाथ सापकोटा — मुल ढड्डामा मृत्यु लेखेको — १६०००।-<br>३. विष्णुमायाँ सापकोटा — २०७५।१।२ — ४०००।-<br>जम्मा: — — ३००००।- | ३०,०००/- |
| १५. | **वैंक स्टेटमेण्ट प्राप्त नभएको -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ (क) मा वैंकले लाभग्राहीको खातामा रकम जम्मा गरेको देखिने गरी लाभग्राहीको नाम, वैंक खाता नं. र रकम जम्मा भएको विवरण अनुसुची- १३ वमोजिमको चौमासिक रुपमा सम्वन्धीत स्थानिय तहलाई विद्युतिय माध्यमबाट अनिवार्य रुपमा पठाउनुपर्ने र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ । गाउँपालिकाले माछापुच्छ्रे वैंकमा दोस्रो किस्ता रु. २ करोड १४ लाख १४ हजार र तेस्रो किस्ता रु. २ करोड ३९ लाख १९ हजार गरी जम्मा रु. ४ करोड ५३ लाख ३३ हजार निकासा दिएकोमा वैंकवाट रकम वितरण गरेको स्टेष्टमेण्ट प्राप्त भएको छैन । | |
| १६. | **नगदै वितरण गरेको -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति विना नगद वितरण गर्न पाईने छैन भन्ने व्यवस्था छ । गाउँपालिकाले यसवर्ष प्रथम किस्ता वापत रु. १ करोड ९४ लाख सामाजिक सुरक्षा भत्ता रकम मन्त्रालयको स्वीकृति विना नगदै वितरण गरेको छ । | |
| १७. | **तलवि प्रतिवेदन पारित नगरेको -** शिक्षा नियमावली २०५९ को नियम १६ (भ) मा सामुदायिक विद्यालयका शिक्षकहरुको तलवी प्रतिवेदन विद्यालय कितावखानाावाट पारित गराएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तलवी प्रतिवेदन पारित नगरी रु. ११ करोड ३१ लाख ६३ हजार खर्च लेखेको छ । | |
| १८. | **आन्तरीक आय -** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६६ वमोजिम वजेट अनुमान तथा सिमा निर्धारण समितिले गाउँपालिकाले आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस गाउँपालिकाले ३ वटा आय ठेक्का रु. २,३४,५१३।१४ को रु. ३०,४८६।७३ मू.अ.कर समेत असुल गरेकोमा मु.अ. कर रकम राजश्व दाखिला गरेको नदेखिएकोले राजश्व दाखिला हुनुपर्ने रु. | ३०४८६।७३ |
| | **बित्तिय समानिकरण (पूंजीगत)** | |
| १९. | **कम विनियोजन -** सामाजिक एवं पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट गाउँपालिकाले ५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट नगरी ठूला आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन र छिटो प्रतिफल दिने जस्ता योजनामा बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । गाउँपालिकाबाट प्राप्त बार्षिक प्रगति विवरण अनुसार निम्न ३२४ योजनाहरुमा रु. २ करोड ८८ लाख विनियोजन गरेको छ । अत: कार्यविधि तयार गरी ठूला तथा प्रतिफल दिने पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ । | |

(रु.हजारमा)

| कार्यक्रम | योजना संख्या | ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|
| पूर्वाधार विकास बडा नं. १ देखि १२ सम्म | २१७ | १९६०० |
| समाजिक विकास तर्फ खानेपानी कार्यक्रम | १२ | १००० |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| समाजिक विकास तर्फ संस्कृती संरक्षण | १३ | १००० |
| समाजिक विकास तर्फ खेलकूद पूर्वाधार | १३ | १००० |
| समाजिक विकास तर्फ महिला बालबालिका | २ | ७०० |
| सामाजिक विकास तर्फ वडा लक्षित कार्यक्रम वडा १ देखि ११ सम्म | ६७ | ५५०० |
| जम्मा: | ३२४ | २८८०० |

२०. **पारित नभएका योजना-** बजेट तर्जुमा गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन जारी गर्ने र सोही आधारमा गाउंपालिकाले योजना तर्जुमा प्रक्रिया तथा कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले २०७४।३।२८ मा योजना तर्जुमा गरेकोमा प्राप्त विवरण अनुसार निम्न योजनाहरु गाउंसभाबाट स्वीकृत योजनामा नपरेकोमा समेत कार्यान्वयन गरेको भनी रु. १२,०३,१२७- खर्च लेखेको छ । सभाले स्वीकृत गरेको योजना भन्दा फरक योजनामा खर्च गर्ने प्रणालीको अन्त्य हुनुपर्ने रु. — १२,०३,१२७/-

| योजनाको नाम | खर्च रकम |
|---|---|
| गैरि गाउं आमा समुहह छाना छाउने जस्ता पाताले | ८०००० |
| वडा नं ६ कार्यालय मर्मत | २१७००० |
| काहु खोला दुध पोखरी ग्रा स . मर्मत | १००००० |
| सौय लिप्यानी ग्रा. सडक | २५००० |
| वडा कार्यालय ११ म विद्त जडान | ६१९१५ |
| वडा नं ४ को वाटो मर्मत | ३०८११ |
| छापा आमा समुह भवन निर्माण मर्मत | १००००० |
| वडा नं ३ खानेपानी टंकी | ५०००० |
| अन्न पुण सितापोखर स्कुल मा कम्पुटर खरिद | ५०००० |
| नया वजार भ्रो पुल मर्मत वडा ९ | ५०००० |
| वडा नं ३ दाहसंस्कार भवन | ६०००० |
| वडा नं १२ कोपिला स्वावलम्वन भवन मर्मत | ५०००० |
| वडा नं ७ नौले डाडा समाज भवन मर्मत | ३०००० |
| सौर्य भगवति टार घुम्ले वाटो मर्मत | ७५००० |
| नया वजार गहते मिजुरे डाडा मोटर वाटो मर्मत | १२२४७६ |
| कसेरी भैसे याङजाकोट ग्रामिण सडक मर्मत | ५०९२५ |
| वडा नं ११ वग खोर देखी लग्नास खिमा जाने वाटो मर्मत | ५०००० |
| जम्मा | १२०३१२७ |

२१. **तोक आदेशका योजना -** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिछेद ६ दफा २४(१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालिन विकासको योजना बनाई सभावाट स्वीकृत गराई कार्यान्वयन गराउनुपर्दछ । उल्लेखित विषयलाई ध्यान नदिई बार्षिक स्वीकृत कार्यक्रममा नपरेका योजनाहरुमा निवेदन तथा तोक आदेशवाट योजना कार्यान्वयन गरेको छ । नमुना छनौटका आधारमा बार्षिक स्वीकृत कार्यक्रममा नपरेका तर निवेदन तथा तोक आदेशबाट निम्न योजना सञ्चालन गरी भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको रु. — ९,७७,५५८/-

| भौ.नं. मिति | कामको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| ५६-०७४/७/८ | नेपाल क्रिश्चियन मण्डली घरको तारवार | ५०००० | |
| ३५-०७४/६/६ | हाँडीखोला उपल्लोवेशी चमेरे ओढार लिफ्टिङ | १०५१९१ | |
| ३९-०७४/६/८ | चिप्ली लघु जलविद्युतको जेनेरेटर मर्मत | ४२७५० | |
| ८१-०७४/९/६ | काउरेडांडा ज्याङदु ताङतिङ ग्रामीण सडक मर्मत | १००००० | |
| ९७-०७४/९/११ | शितलादेवी कृषि समूहको लागि कोदो चुट्ने मेशिन | २६६६७ | सक्कल विल वेगर भुक्तानी |
| ९८-०७४/९/११ | तिनकन्या कृषक समूहको लागि कोदो चुट्ने मेशिन | २६६६७ | सक्कल विल वेगर भुक्तानी |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ११४-०७४/९/२० | भेटरनी औषधि खरिद | ९९३६८ | |
| ११५-०७४/९/२० | काहुंखोला दुध पोखरी ग्रामीण सडक | १००००० | |
| १३७-०७४/९/३० | वडा नं. ११ कार्यालयमा विद्युतिकरण खर्च | ६१९१५ | |
| १४१-०७४/१०/२ | वडा नं. ११ मा संक्राती मेला | ७५००० | |
| १५०-०७४/१०/८ | छापा आमा समूहको भवन | ४०००० | |
| १६०-०७४/१०/१४ | अन्नपूर्ण सिता पोखरी प्रा.लि. बाट कम्प्यूटर फर्निचर खरिद | १००००० | |
| १६१-०७४/१०/१४ | वडा नं. ११ बराल डांडा बाटो निर्माण | १००००० | |
| १७१-०७४/१०/२० | नयां बजार झोलुङ्गे पुल मर्मत | ५०००० | |
| जम्मा | | ९७७५५८ | |

| | | |
|---|---|---|
| २२. | **पूंजीगत शिर्षकवाट चालु प्रकृतीका खर्च** - बित्तिय समानीकरण अन्तर्गत प्राप्त बजेटबाट चालू र पूंजीगत शिर्षकमा छुट्याई गाउंसभाबाट मिति २०७४।३।२७ र २८ मा नीति तथा कार्यक्रम पारित गरेको छ । बजेट नीति तथा कार्यक्रम सार्वजनिकरण गर्दा योजना तर्जुमाका आधारहरुमध्ये सेवा प्रवाह, संस्थागत विकास, र शुसाशनमा योगदान पुऱ्याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिने, आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने लागयतका आधार लिएको उल्लेख छ । कार्यालयले बित्तिय समानीकरणको कार्यक्रम बनाई कार्यान्वयन गर्दा पूंजीगत शिर्पकवाट तिज कार्यक्रम, बोका खरिद, भ्रमण, खाजा, खाना, मेला, महोत्सव, संचार, तालिम लगायतका कार्यक्रममा रु २७,४८,६०४/- खर्च गरेको देखियो । वजेट निति तथा कार्यक्रममा उल्लेख भए अनुसार आर्थिक विकास र गरिवी निवारणमा प्रत्येक्ष योग्दान पुग्ने जस्ता कार्यक्रम छनौट गरी खर्च गर्नुपर्दछ । | |
| २३. | **गाडी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(१) मा सवारी साधनको लागत अनुमान तयार गर्दा बढीमा ३ जना दक्ष प्राविधिकको एक समिति गठन गर्नुपर्ने र त्यस्तो निकायमा दक्ष प्राविधिक नभए अन्य सार्वजनिक निकायका प्राविधिकहरुलाई समावेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा मालसामानको विवरण, स्पेशिफिकेशन, अवस्था, आयु, प्रचलित वजार दर, इन्धनको मूल्य र खपत समेत कुरालाई विचार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दक्ष प्राविधिक समेतको सहभागीतामा स्पेशिफिकेशन तयार गर्दा बिभिन्न कम्पनीका मोटर गाडी बिक्रेितासंग मूल्य सूची लिई मूल्यांङ्कन गरेको र लागत अनुमान तयार तथा स्वीकृत सम्वन्धी फाईल लेखापरीक्षणमा पेश भएन । यसवर्ष सवारी साधन जीप procurement of pick up with associaries खरिद गर्न रु. ३८,३७,०००।- लागत अनुमान तयार गरी मिति २०७४।८।२९ मा सूचना प्रकाशन गरेकोमा एकमात्र मोटर बिक्रेताको बोलपत्र पत्र पेश भएको र सो बोलपत्र स्वीकृत गरी भौ.नं.१९४-०७४।११।३ मा बतास ब्रदर्शलाई रु. ३८,३७,५००।- भुक्तानी गरेको छ । सप्लायर्सको अनुरोध पत्रको आधारमा धरौटी रकम कट्टा गरको छैन भने स्पेशिफिकेशनमा कम्तीमा १ वर्षको ग्यारेन्टी वा चारवटा सर्भिसिङ गर्नुपर्ने उल्लेख भएकोमा ग्यारेन्टी कार्ड समेत पेश गरेको छैन । सम्झौता हुंदा हिमालयन बैंकको कार्यसम्पादन ग्यारेन्टी HMLPB/016/074-75/59 पेश गरेको फोटोकपी पेश गरेकोमा सक्कल कार्यसम्पादन ग्यारेन्टी पेश गरेको छैन । अतः उल्लेखित आधारमा खरिद प्रतिस्पर्धात्मक छ भनी आश्वस्त हुन सकिंदैन । | |
| २४. | **मोटरसाइकल खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा खरिद विधि छनौट गर्ने, ८ (२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुका गरी खरिद गर्न नहुने व्यवस्था छ । नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यसवर्ष खरिद योजना बेगर र खरिद बिधिको छनौट नै नगरी खरिद गरेको सामान मध्ये मोटर साइकल १४ खरिद वापत रु. २८,५८,६५४।- खरिद सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २४.१. | उल्लेखित १४ मोटरसाइकल मध्ये ९ मोटरसाइकल शिलवन्दी दरभाउपत्रवाट खरिद गर्न रु. १६,२४,००५।- मू.अ.कर बाहेकको लागत अनुमान तयार गरी २०७४ असोज २९ मा ठेक्का नं. ६ को सूचना आव्हान गरेको देखिन्छ । ३ दरभाउपत्र पेश भै सवैभन्दा कम कवोल गर्ने इच्छाशक्ति | |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अटोमोवाइल्सले प्रति मोटरसाइकल रु. १,७६,०१७।७९ ले कूल मूल्य १५,८४,१६०।- मा खरिद गर्न कवोल गरेकोमा इन्जिन क्षमता १६०±५% सिसि(१५२-१६८) भित्र पर्नु पर्नेमा नभएकोले उक्त बोलपत्र रद्द गरी पुन सूचना मिति २०७४।७।२७ गरेकोमा ३ दरभाउपत्र पेश भएको र २ सप्लायर्सले धरौटी जम्मा नगरेको भनी विश्वकर्मा अटो वर्क्सको रु. १७,९९,१००।- कवोल अंकमा सम्झौता भई खरिद गरेको छ । लागत अनुमान तयार गर्दा मालसामानको विवरण, स्पेशिफिकेशन, अवस्था, आयु, प्रचलित बजार दर, इन्धनको मूल्य र खपत समेत कुरालाई विचार गर्नुपर्ने व्यवस्था अनुसार दक्ष प्राविधिक समेतको सहभागीतामा स्पेशिफिकेशन तयार नगरेको कारण रु. २,१५,९४९।- वढी लागत परेको रु. | २,१५,९४९/- |
| २४.२. | यस वर्ष खरिद भएका १४ मोटरसाईकल मध्ये ९ यामाहा SZRR, ४ बजाज र १ मोटरसाइकल खरिद गरेकोमा ९ मोटरसाइकल शिलवन्दी दरभाउपत्रवाट र ५ सिधै खरिद गरेको छ । सिधै खरिद गरिएको मोटरसाइकलको मूल्य रु.१०,५९,५५४।- रहेको छ । मोटरसाइकल खरिद गर्दा एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा नगरेको र ऐन तथा नियम विपरित पटक पटक र सोझै खरिद गर्ने कार्य नियमसम्मत नदेखिएको रु. | १०,५९,५५४/- |
| २५. | **खरिद प्रक्रिया-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८(१) मा खरिदको प्रकृती अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टाछुट्टै मौजुदा सूची तयार गर्नुपर्ने, नियम ८५ २(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा वढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसक्ने व्यवस्था छ । कायार्यालयले यसवर्ष पटक पटक सिधै खरिद गर्दा बिक्रेतावाट दरभाउपत्र माग गरेपनि दरभाउ पत्र पेश गर्ने सप्लायर्स मध्ये घटी दर राख्ने सप्लायर्स मात्र मू.अ.करमा दर्ता भएको र अन्य दरभाउ पत्र रित पुऱ्याउने उद्देश्यले मात्र पेश गरेको देखिन्छ । प्रतिस्पर्धा वेगर र पटक पटक खरिद गर्ने प्रणालीमा सुधार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ । | |
| २६. | **निर्माण कार्यको लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा अधिकांश सडकको निर्माण कार्यको दररेटमा मू.अ.कर समेत जोडी लागत अनुमान तयार गरेको छ । लागत अनुमान तयार गर्दा सडक काट्ने प्रयोजनको लागि मेशिन प्रयोग गर्ने गरी प्रति घ.मी को दर राखेको छ । तर ठेक्का विल पेश गर्दा उपभोक्ता समितिले डोजर घण्टा र तेलको विल राखी खर्चको पुष्टि गरेको छ । प्रति घ.मी दर राखी लागत अनुमान तयार भएकोमा सोही अनुसार डोजरलाई भुक्तानी भएको विल राख्नुपर्नेमा सो समेत राखेको देखिंदैन । अत: लागत अनुमान तयार गर्दा मू.अ.कर समावेश नगर्ने तथा उपभोक्ताले निर्माण व्यवसायीको डोजर लिई डोजरको भुक्तानी गर्दा प्रति घ.मीको आधारमा भुक्तानी गर्नुपर्दछ । उदाहरणको लागि कसेरी भैंसे तारवाङ ग्रामीण सडक स्तर उन्नती कार्यको लागत अनुमान तयार गर्दा प्रयोग गरेको दररेट विवरण देहाय बमोजिम छ । | |

| कामको विवरण | कामको परिमाण | कार्यालयले राखेको दररेट | जिल्ला दररेट | फरक दर |
|---|---|---|---|---|
| Ordinary soil | 6462.86 $m^3$ | ८५/८८ | ७६/- | ९/८८ |
| Hard soil | 2241.56 $m^3$ | ९९/४४ | ८८/- | ११/४४ |
| Ordinary rock | 1348.70 $m^3$ | ३१०/७५ | २७५/- | ३३/७५ |
| Medium rock | 1456.69$m^3$ | ८०९/०९ | ७१६/- | ९३/०९ |
| Earth work excavation in Drain | 288$m^3$ | ९९/४४ | ८८/- | ११/४४ |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २७. | **निर्माण कार्यको लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा | |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्न निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान र सम्झौता भन्दा घटी काम भएकोमा सम्पन्न कामको सम्झौता अनुसारको अनुपातमा गाउंपालिकाले भुक्तानी गर्नुपर्ने अंश कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु. ११,९३,६९४।- वढी भुक्तानी दिएकोले असूल हुनुपर्ने रु. | ११,९३,६९४/- |

| योजनाको नाम | लागत अनुमान | गाउपालिकाले उपलब्ध गराउने रकम | जनसहभागिता रकम | गाउपालिकाको लागत % | उ.स. को लागत % | सम्पन्न काम | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | वढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कसेरी भैसे याँग्जाकोट ग्रमीण सडक स्तरोन्नती - खण्ड क) | ६०२१९०७/- | ४८५०००० | ११७१९०७ | ८०.५४ | १९.४६ | ३८४५१२९ | ३८०७६४७ | ३०९६८६६ | ७१०७८० | काम वाकी रहेको |
| कसेरी भैसे याँग्जाकोट ग्रमीण सडक स्तरोन्नती - खण्ड ख) | ६०४५५०६ | ४८५०००० | ११९५५०६ | ८०.२२ | १९.७८ | ६३७८०७३ | ४८५०००० | ५०००००० | १५०००० | |
| भाचोक थुम्सीकोट ग्रामीण सडक | ४९३०९८५ | ३८८०००० | १०५०९८५ | ७८.६९ | २१.३१ | ४७८४९७४ | ३७६५२९६ | ४७८४९७४ | ६२६८३ | |
| भगवती लम्तरी सडक | ४७८३९८५ | ३८८०००० | ९३३९८५ | ८१.१० | १८.८९ | ४८६८७४४ | ३९४८५५१ | ४३९९६७३ | ४९४४४ | वढी भुक्तानी भएको मध्ये रु.५,२४,६७८।- फिर्ता लिएको |
| नयाँ बजार मुग्री गोर्जे मिजुरे गहते सडक | ६१६१४७३ | ४८५०००० | १३११७४७ | ७८.७१ | २१.२९ | ५३७२०६७ | ४२२८३५४ | ४३०७६५३ | ७९२९९ | |
| मिजुरे पाखुरीकोट नागीधार रवै बगैचा सडक | ६२६९७२६ | ४८५०००० | १४१६७२६ | ७७.३५ | २२.६५ | ५३३९१५० | ४१२९८३२ | ४२७१३२० | १४१४८८ | काम वाकी रहेको भनी उसले म्याद थपको निवेदन पेश गरेको |
| | | | | | | | | | ११९३६९४ | |
| जम्मा | | | | | | | | | | |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २८. | **उपभोक्ता समिति मार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१३) मा उपभोक्ता समितिले प्राप्त गरेको रकम दुरुपयोग गरेको पाईएमा सम्वन्धित निकायले छानवीन गरी उपभोक्ता समितिका पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असूल उपर त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असूल उपर गर्नुपर्ने व्यवस्था छ । जसअनुसार उपभोक्ता समितिले योजना सम्झौता गर्ने, कुनै निकायवाट प्राप्त रकम उपभोक्ता समितिको वैंक खातामा जम्मा गर्नुपर्ने तथा प्राप्त रकम सम्वन्धित योजना काममानै प्रयोग भएको सुनिश्चितता हुने गरी खर्च गर्नुपर्दछ । तर निम्नानुसारको कार्यक्रम तथा योजनामा निर्वाचित पदाधिकारीले रकम बुझेको उपभोक्ता समितिका सम्वन्धित पदाधिकारीले रकम नवुझि निर्वाचित पदाधिकारीले रकम बुझेको देखिएकोले गाउंपालिकावाट उपलव्ध गराईको रकम सम्वन्धित काममानै प्रयोग भएको छ भनी सुनिश्चित हुन नसकिएको रु. | ५,१३,२१०/- |

| भौ.नं. मिति | योजनाको नाम | उपभोक्ता समितिको अध्यक्षको नाम | रकम बुझ्ने निर्वाचित पदाधिकारीको नाम | रकम |
|---|---|---|---|---|
| १६१-०७४/१०/१४ | भगवति बरालडाँडा सिढी बाटा | धन बहादुर कार्की | वडाध्यक्ष मित्र बहादुर गुरुङ | १००००० |
| ७६३-०७५/३/३२ | कृषि प्रचार प्रसार कार्यक्रम | गण्डकी टेलिभिजनमा कार्यक्रम छायांकन | " | ३०००० |
| ७६१-०७५/३/१८ | यूवा स्वरोजगार तथा खेलकूद विकास कार्यक्रम | रिदन गुरुङ | " | २००००० |
| ६१८-०७५/३/१० | लम्तरी पुजाको लागि खसि खरिद | | " | २०००० |
| ६५३,६५४-०७५/२/३० | ठुलोढुङ्गा उपल्लो साप्ले खानेपानी | बसन्त बहादुर रानाभाट | " | ११३२१० |
| ६५१-०७५/३/१७ | फूटवल प्रतियोगित कार्यक्रम | | वडा नं.९ वडा अध्यक्ष तोरण वहादुर गुरुङ | ५०००० |
| | | | | ५,१३,२१०/- |

साथै भौ नं. ७६१ वाट यूवा स्वरोजगार तथा खेलकूद विकास कार्यक्रम वाट ४ जना खेलाडीलाई



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| | पारिश्रमीक शुल्क खर्च रु. २४,०००।- लेखेकोमा सम्बन्धित व्यक्तिले रकम बुझेको नदेखिएकोले असूल समेत हुनुपर्दछ । | |
| २९. | **आ.ले.प.बाट कायम भएका बेरुजुहरु-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(१) कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयवाट लेखा परीक्षण गराउनु पर्ने, उपनियम ९(२) को कोलेनिकाले महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका अनुरुपको कार्यविधि अपनाई आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र ९(३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणवाट कायम भएका वेरुजुहरुमध्ये नियमित वा प्रमाण पेश गरी वा असूल उपर गरी लगत कट्टा गरेको प्रमाण पेश नगरेकोले आन्तरिक लेखापरीक्षणबाट कायम भएका वेरुजुहरु प्रतिवेदनमा समावेश गरिएको छ । | |
| | **स्वास्थ्य तर्फ शसर्त अनुदान वजेट तर्फ :** | |
| २९.१. | डा. सुरेश अधिकारीलाई मासिक रु. १,०८५/- दरले हेजार्ड भत्ता भुक्तानी दिएकोमा पाउने आधार पेश गर्ने अन्यथा असुल गर्ने रु. | १३,०२०/- |
| २९.२. | वडा नं. ११ को खोप भवन निर्माणमा गाउँपालिकाले व्यहोर्ने रकम रु. २,४०,०००/- मात्र उल्लेख भएकोमा कार्यसम्पन्न र विलवाट कन्टीजेन्सी सहित रु. २,७३,६०९।९१ भुक्तानी भएकोमा वढी भुक्तानी रकम नियमित गर्ने रु. | ३३,६०९/९१ |
| २९.३. | २०७४।०२।२८ देखी कार्यरत अस्थाई डा. उत्सव जोशी र २०७४।०५।०९ देखी नियुक्ती भएका डा. लोकेश छन्त्याललाई २०७४ को चैते दशै मुख्य चाड भनी रु. ३४,२२०।- का दरले भुक्तानी दिईएकोमा चैते दशै कुनै पनि धर्मालम्वी को मुख्य चाड नभएको र निजहरुले २०७५ सालमा समेत चाडवाड खर्च लिएको हुँदा दोहोरो चाडवाडे खर्च बुझेको र नियुक्ती मिति भन्दा अगाडीको चाडपर्व खर्च समेत भुक्तानी लिएकोले असुल गर्ने जनही रु. ३४,२२०।- गरी जम्मा रु ६८४४०।- वेरुजु खातामा जम्मा गर्ने रु. | ६८,४४०/- |
| २९.४. | कर दाखीला वाँकी रु. | १६७०/- |
| २९.५. | आ.व.को अन्त सम्ममा खर्च नभई वाँकी रहेको रकम रु. १४,७९,३१८।६० रकम वेरुजु खातामा जम्मा गर्ने रु. | १४,७९,३१८/६० |
| | **वित्तिय समानिकरण चालु तथा पुँजिगत तर्फ** | |
| २९.६. | कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरी तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पारित नगरी भुक्तानी भएकोले ग्रेड रकम एकिन गर्न नसकिएको । | |
| २९.७. | जिन्सी किताव खर्च नभएर नजाने म.ले.प. ४७ विभिन्न प्रकृतिका सामान समेत एउटै पेजमा दाखिला हुनको साथै इस्पेसिफिकेशन समेत नखुलाईकोले व्यवस्थित गर्नुपर्ने । | |
| २९.८. | कर दाखिला गर्न वाँकी रु. | २,१००/- |
| २९.९. | आर्थिक कार्यविधि ऐन नियम बमोजिम उपभोक्ता समितिबाट काम गराउदा समितिले कार्य सम्पन्न गरी भुक्तानी लिनको लागि समितिको खर्च विवरण तथा योजना सम्पन्न र सार्वजनिकरण आदीको माइन्युटको प्रतिलिपि तथा खर्च संग सम्वन्धीत विलहरु पेश गर्नुपर्नेमा कतिपय उपभोक्ता समितिको सो वमोजिम भएको पाईएन । | |
| २९.१० | भौ.नं. ६४६-०७५।३।१४ बाट फोटोकपी विल संलग्न गरी पे.फ. गरिएको रु. ७०,०००।- सक्कल विल संलग्न गर्नुपर्ने रु | ७०,०००/- |
| २९.११ | भौ.नं. ६७१-०७५।३।१८ मादी ११ खेलकुद समितिलाई रु. २,००,०००।- भुक्तानी दिईएकोमा रु. १,७०,०००।- मात्रको विल भरपाई संलग्न भएकोले नपुग विल भर्पाइको रकम असुल गर्ने रु. | २९८३०/- |
| | **शसर्त अनुदान तर्फ :** | |



Scanned with CamScanner

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२९.१२</td><td>शिक्षा - भौ.नं. ११-०७५।३।२२ प्रत्येक स्थानिय तहमा एक वटा सामुदायिक सिकाई केन्द्रलाई पुर्वाधार सहितको शैक्षिक सुचना केन्द्रको रुपमा विकास गर्ने अनुदान कार्यक्रमबाट रु. २ लाख मल्टिमिडिया प्रोजेक्टर खरिद गरी धनुवाँस कालिका मा.वि. लाई हस्तान्तरण गरी पठाईएको देखियो । गाउँपालिका भित्र सामुदायमा आधारीत सामुदायिक सिकाई केन्द्र स्थापना गरी पुर्वाधार विकास, सुचना संप्रेषण सामाग्री जस्ता कार्यक्रम सम्पन्न गरी सुचना केन्द्रको रुपमा विकास गर्नुपर्नेमा सो भए गरेको पाईएन । गाउँपालिकाले सो कार्यको अनुगमन प्रतिवेदन लिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.१३</td><td>कर दखिला गर्नुपर्ने रु.</td><td>२,७००/-</td></tr>
<tr><td>२९.१४</td><td>गरिव संग विश्वेश्वर पुँजिगत - आ.व.को अन्त सम्म खर्च नभै वाँकी रहेको रकम रु. ६६३६।- वेरुजु खातामा जम्मा गर्ने रु.</td><td>६,६३६/-</td></tr>
<tr><td>२९.१५</td><td>गरिव संग विश्वेश्वर चालु - आ.व.को अन्त सम्म खर्च नभै वाँकी रहेको रकम रु. १५,१११।- वेरुजु खातामा जम्मा गर्ने रु.</td><td>१५,१११/-</td></tr>
<tr><td>२९.१६</td><td>पशु सेवा तर्फ - आ.व.को अन्त सम्म खर्च नभै वाँकी रहेको रकम रु. ३,७१,५२८।- वेरुजु खातामा जम्मा गर्ने रु.</td><td>३,७१,५२८/</td></tr>
<tr><td>२९.१७</td><td>सामाजिक सुरक्षा भत्ता - वडा नं. ६ को खर्च रु. १५,६७,२००।- पेश भएकोमा जोड जम्मा गर्दा रु. १५,६३,२००।- मात्र भएकोले वढी खर्च लेखिएको रु ४,०००।- वडा सचिव सुर्यवहादुर पाण्डेवाट असुल गरी वेरुजु खातामा जम्मा गर्ने रु.<br>जेष्ठ नागरीक भत्ता वितरण कार्यक्रम २०७४।०७५ को दोस्रो चौमासिक देखी माछापुच्छ्रे वैंक लि. मा लाभग्राहीको खाता खोली वैंक मार्फत वितरण भएकोमा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ७ को २५ वमोजिम विद्युतिय माध्यमवाट लाभग्राहीको नाम, वैंक खाता र जम्मा रकम सहितको विवरण पठाउनुपर्नेमा सो पठाईएको पाईएन ।</td><td>४,०००/-</td></tr>
<tr><td>२९.१८</td><td>धरौटी - श्री स्केल नेट प्रा.लि.को कम्प्युटर पार्टसको ठेक्का कोटेशन स्वीकृतभै सम्झौता हुँदा पेश गरेको धरौटी रु. २७,०००।- मु.अ.कर समायोजन पत्र तथा चुक्ता प्रमाणपत्र वेगर फिर्ता दिएकोले मु.अ.कर समायोजन पत्र संलग्न राखी नियमित गर्ने ।</td><td></td></tr>
<tr><td>२९.१९</td><td>कन्टीन्जेन्सी तर्फ - कन्टीन्जेन्सी खर्च तर्फ कट्टा गरेको कर राजश्व दाखिला गर्न बाँकी रहेको बैंक नगदी किताव देखिएकोले राजश्व दाखिला हुनुपर्ने रु.</td><td>११,९४०/-</td></tr>
<tr><td>३०.</td><td>पेश्की- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण कार्यको लागि दिएको पेश्की लेखापरीक्षण अवधिसम्म फछ्र्यौट नभई बांकी रहेको देखिएकोले कानूनले तोके अनुसार कार्यतालिका बमोजिम काम गरी नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>मिति</th><th>पेश्की रकम</th><th>ब.उ.शी.नं.</th></tr>
<tr><td>वडा नं.१० बर्थिङ सेन्टर निर्माण पेश्की</td><td>२०७५/२/२४</td><td>१००००</td><td>स्वास्थ्य कार्यक्रम</td></tr>
<tr><td>जलजला खानेपानी उपभोक्ता समिति</td><td>२०७४/७/८</td><td>२००००</td><td>बित्तिय समानीकरण</td></tr>
<tr><td>वडा नं. ७ भवन निर्माण पेश्की</td><td>२०७५/३/१०</td><td>३०००००</td><td>"</td></tr>
<tr><td>वडा नं. ५ भवन निर्माण पेश्की</td><td>२०७५/३/१४</td><td>२५००००</td><td>"</td></tr>
<tr><td>सिता दमै बडा नं.१२</td><td>२०७५/३/१७</td><td>४९२५०</td><td>"</td></tr>
<tr><td>जम्मा :</td><td></td><td>६,२९,२५०/-</td><td></td></tr>
</table></td><td>६,२९,२५०/-</td></tr>
<tr><td>३१.</td><td>वेरुजु - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ३८ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु. ४१ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २१ लाख ४५ हजार र पेश्की रु.६ लाख २९ हजार समेत रु. १ करोड ७ लाख ४९ हजार वेरुजु कायम गरिएको छ ।</td><td></td></tr>
</table>



Scanned with CamScanner

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

३२. **अनुगमन तथा मूल्याँङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने, काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजु फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजु स्थिति निम्नानुसार देखिएको छ।

| गत वर्षको बेरुजु रकम (रु.)(A) | योवर्ष फछ्र्यौट(B) | बांकी (C= A-B) |
|---|---|---|
| ९८४०००/- | ० | ९८४०००/- |

३३. **अद्यावधिक बेरुजु स्थिति -** मादी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छः

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु. (C) | यो वर्षको सं.प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (D) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ९,८४,०००/- | ० | १,०७,४९,०००/- | १,१७,३३,०००/- |



Scanned with CamScanner

(अनुसूची-१)

# मादी गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियावाट फछ्र्योट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कास्की | मादी गाउँपालिकाको कार्यालय | २३ | २६ | १०७४९ | ० | ० | ० | २३ | २६ | १०७४९ | ३८४३ | ४१३२ | २१४५ | ० | ० | १०१२० | ० | ६२९ | ६२९ |

अनुसूची- २

## स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ४**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मादी गाउँपालिकाको कार्यालय | कास्की | ९०७९ | १७७३९२ | २१२१३७ | ८६८३ | ३९८२१२ | २४७५४६ | १२८१३५ | ५६० | ३७६२४१ | ३१०५० |